# CIM FACT Newsletter




२०७८ जेठ

अंक २


Chamber of Industries, Morang,
Address : Sahid Mrag, Biratnagar-2

Phone No. -021-515712
Email- cim.biratnagar@gmail.com


Prepared by: FACTS

# सम्पादकीय

कोभिड १९ को गत वर्षको पहिलो र यस वर्षको दोश्रो भेरियन्टबाट भईरहेको मानवीय क्षतिको डर र त्रासका बावजुद उद्योगी/व्यवसायीहरुले आफनो, कर्मचारी तथा श्रमिकहरको स्वास्थ्यलाई समेत परवाह नगरी निशेधाज्ञा तथा बन्दाबन्दीको जटिल एवं चूनौतिपूर्ण अवस्थामा समेत बजारको आपूर्ति व्यवस्थालाई दुरुस्त राख्न उत्पादनलाई निरन्तरता दिदै आएका छन ।

यसै वीच नेपाल सरकारले आर्थिक वर्ष २०७८/७९ का लागि बजेट सार्वजनिक गरी सबै नागरिकलाई निःशुल्क खोप उपलब्ध गराउन स्वास्थ्यमा बजेट उल्लेख्य रकम विनियोजन गरी खोप उपलब्ध गराउने प्रतिवद्धता जनाउनुलाई सकारात्मक रुपमा लिनु पर्दछ । विश्वव्यापी रुपमा फैलिएको कोभिढ १९ विरुद्धको खोपको माग वर्तमान समयमा विश्वभर नै अत्याधिक भएकोले पर्याप्त कुटनितिक पहल गरी आपूर्ति श्रृखलालाई अविछिन्न राख्दै देशको अर्थतन्त्रमा योगदान पुऱ्याउदै आएका नीजि क्षेत्रका उद्योगी व्यवसायी, उद्योगमा कार्यरत कर्मचारी, श्रमिकलाई प्राथमिकताका साथ निःशुल्क खोप उपलब्ध गराई उद्योग व्यवसायलाई पुरानै लयमा फर्काउने वातावरण तयार गर्नु सरकारको प्रमुख दायित्व हुनुपर्दछ ।

जेष्ठ १५ गते नेपाल सरकारका तर्फबाट प्रस्तुत वजेटमा नीजि क्षेत्रको पुर्नउत्थानका लागि पुनरकर्जाको सुविधालाई निरन्तरता, विद्युत डिमान्ड शुल्कमा छुट, नविकरण देखि आय करसम्म छुटको व्यवस्था, स्टार्ट अपहरुलाई प्रोत्साहन तथा औद्योगिक जनशक्ती उत्पादनमा जोड, स्वदेशी उत्पादन प्रवर्धन, औद्योगिकरण तथा औद्योगिक पूर्वाधार विकासका साथै कर तथा राजस्वमा छुट दिने जस्ता व्यवस्था गरेको भएतापनि उक्त छुटको उपभोग गर्न उद्योगी/व्यवसायी, कर्मचारी, श्रमिकहरुलाई डर र त्रासबाट मुक्त बनाई निर्वाध रुपमा उद्योग/व्यवसाय संचालन गर्ने वातावरण तयार हुनुपर्दछ ।

आफनो र परिवारको स्वास्थ्यलाई समेत जोखिममा राखी अंग्रपक्तिमा रही उत्पादन कार्यलाई निरन्तरता दिदै आएका यो क्षेत्र नेपाल सरकारको कोरोना विरुद्धको खोप लाउने अभियानबाट वञ्चित हुदै आएको छ । तसर्थ वर्तमान अन्यौलपूर्ण परिस्थितीको अन्त्यका लागि राष्ट्रिय आर्थिक एवं औद्योगिक विकासमा उद्योग प्रतिष्ठानहरुले पुऱ्याउदै आएको योगदानलाई मध्यनजर गरी उद्योगको उत्पादकत्व अभिवृद्धिका साथै पूर्ण क्षमतामा सञ्चालनको वातावरण तयार गर्न कोरोना विरुद्धको खोप एकमात्र विकल्पको रुपमा रहेको हुँदा यस क्षेत्रमा कार्यरत कर्मचारी र श्रमिकहरुलाई प्राथमिकतामा राखी खोप उपलब्ध गराई उत्पादकत्व अभिवृद्धिका साथै अर्थतन्त्र चलायमान वनाउनु पर्दछ ।

# आर्थिक बर्ष २०७८/७९ को बजेटमा उद्योग संगठन मोरङको धारणा

## कोभिड १९ नियन्त्रण र खोप



**बजेट :** बजेटले सबै नागारिकलाई नि:शुल्क खोज उपलब्ध गराउन बजेट छुट्टाएको र कोभिड महामारी नियन्त्रण तथा स्वास्थ्यमा बजेट अभाव हुन नदिने प्रतिवद्धता आएको छ जुन सकारात्मक छ ।

**थप सुझाव :** विश्वभर नै खोपको अत्याधिक माग भएकोले पर्याप्त कुटनितिक पहल गर्न र चाडो भन्दा चाडौ खोप उपलब्ध गराउन अनुरोध गर्दछौ । सबैलाई एकै पटक खोप लगाउन नसकिने भएकोले अबको प्राथमिकतामा उद्योग व्यवसाय क्षेत्र, संलग्न कामदार तथा कर्मचारीलाई प्राथमिकताका साथ खोप उपलब्ध गराई उद्योग व्यवसायलाई पुरानै लयमा फर्काउने व्यवस्था मिलाउन गर्दै हामी नीजि क्षेत्र र संलग्न कामदार तथा मजदुरका लागी सशुल्क खोप लगाउन समेत तयार रहेको व्यहोरा अनुरोध गर्दछौ । साथै, विश्वमा कोभिडको तेश्रो लहर समेत देखा पर्न थालेकोले बेलै यस तर्फ पर्याप्त ध्यान दिई आवश्यक तयारीका लागी अनुरोध गर्दछौ ।

## राहत छुट सहुलियत र पुर्नउद्दार

**बजेट :** महामारीबाट प्रभावित उद्योग व्यवसायको निशेधाज्ञा अवधीको विद्युत डिमान्ड शुल्क छुट तथा सामाजिक सुरक्षा कोषमा जम्मा गर्नू पर्ने कामदार र कर्मचारीको जेठ र असार महिनाको योगदान सरकारले व्यहोर्नू सकारात्मक छ । साथै उद्योगको प्रकृहति हेरि नविकरण देखि आय करसम्म छुटको व्यवस्था गरिएको छ जस्ले प्रभावित उद्योगलाई अवश्य पनि राहत प्रदान गर्नेछ । रु १ करोडसम्म कारोबार गर्ने साना उद्यमीहरुलाई ५० देखि ९० प्रतिशतसम्म आय कर छुट दिइएको छ । यस्ले अतिप्रभावित साना उद्योगहरुलाई ठुलो राहत पुग्ने छ । पुनरकर्जा र व्यवसाय निरन्तरता कर्जा, लघु घरेलु तथा साना उद्योग एवं महिला उद्यमीहरुलाई प्रदान गरिदै आएको सहुलियतपूर्ण कर्जालाई निरन्तरता दिइएको छ जुन सकारात्मक छ ।

**थप सुझाव :** राष्ट्र बैंक मार्फत व्याज अनुदानमा प्रदान गरिने पुनरकर्जा र व्यवसाय निरन्तरता कर्जा लगायतका सहुलियतपूर्ण कर्जाहरुको सरल र सहज पहुच हुनु पर्दछ। र सामाजिक सुरक्षा कोषमा गर्ने योगदान २ महिनाको मात्रै नभएर निशेधाज्ञा अवधीभर गर्नु पर्दछ। कोभिड माहमारीको सबैभन्दा बढि चपेटामा परेका लघु घरेलु तथा साना उद्योग, पर्यटन उद्योगहरुको उत्थानका लागी त्यस्ता उद्योगको स्थिर खर्च र बैंकको ब्याज नगदै अनुदान उपलब्ध गराउन अनुरोध गर्दछौ ।

## स्टार्ट अप तथा औद्योगिक जनशक्ती उत्पादनमा जोड

**बजेट :** युवाहरुलाई उद्यमशिलतामा आकर्षण गर्न स्टार्टअप व्यवसायलाई परियोजनामा आधारित १ प्रतिशत व्याजदरमा २५ लाखसम्म उपलब्ध गराउने, व्यवसाय दर्ता नविकरण निशुल्क एकद्धार प्रणालीबाट गर्ने, र ५ बर्षसम्म आय कर छुट दिने प्रावधान अत्यन्तै सकारात्मक छ। त्यस्तै, बजेटले औद्योगिक जनशक्ती उत्पादनका लागी एप्रेन्टीसिप तालिमका लागी तालिम अवधीको ३ महिनाको बेसिक पारिश्रमिक अनुदान दिने घोषणाले जनशक्ती विकासमा उल्लेख्य टेवा पुग्ने विश्वास छ। उद्योग संगठनले स्टार्टअप व्यवसाय प्रवर्धन र सिप विकास कार्यक्रमलाई आफ्नो महत्वकांक्षी कार्यक्रमको रुपमा थालनी गरेको परिप्रेच्छ्यमा बजेटले स्टार्टअप ब्यवसाय र औद्योगिक सिप विकासलाई प्राथमिकतामा राख्नुले संगठनलाई हौसला मिलेको छ।


**थप सुझाव :** स्टार्टअप व्यवसायलाई वित्तिय पहाच मात्रै होइन, व्यवसायिक विकास सेवाका अन्य प्राविधिक तथा व्यवस्थापकिय क्षमता अभिबृद्धि, वस्तु उत्पादन, बजार प्रवर्धन लगायतमा प्राविधिक सेवा आवश्यक पर्ने र संगठनले स्टार्टअप एण्ड इनोभेसन युनिट मार्फत काम गर्ने योजना गरेकोले यस विषयमा सहकार्यका साथ काम गर्न प्रतिवद्धता ब्यक्त गर्दछौ । त्यस्तै, औद्योगिक सिपयुक्त जनशक्ती विकासको सरल कार्यविधि आएमा संगठनमा स्थापना गरिएको सिप विकास युनिट मार्फत सहकार्य गरि काम गर्न तयार छौ ।

## स्वदेशी उत्पादन प्रवर्धन

**बजेट :** स्वदेशि उत्पादन प्रवर्धनको लागी मेड इन नेपाल र मेक इन नेपाल अभियान सञ्चालन गर्ने बिषय बजेटमा आउनु राम्रो पक्ष हो । उद्योग संगठनले अघि सारेको मेरो देश मेरै उत्पादन अभियानलाई समेत यस घोषणाले प्रवर्धनमा टेवा पुग्ने हाम्रो विश्वास छ। पहाडमा निर्माणमा स्वदेशी सिमेन्ट र रड प्रयोग गर्ने तथा स्वदेशी उत्पादनको संरक्षणका लागी एण्टी डम्पिङ कानुन कार्यान्वयनमा ल्याउने पक्ष सकारात्मक छ।

**थप सुझाव :** निरन्तर बढिरहेको व्यापार घाटा कम गर्न स्वदेशी उत्पादनको प्रयोग र प्रवर्धन लाई विकास निर्माण र आन्तरिक खपतमा बढाउनु नितान्त आवश्यक छ। यस तर्फ बजेटले खासै ध्यान दिन सकेन। त्यसैगरि, खुला सिमा नाकाबाट हुने गैह्रकानुनी चोरी पैठारी रोकी स्वदेशी उत्पादनलाई अस्वस्थ प्रतिष्पर्धाबाट बचाउने तर्फ यथेष्ठ ध्यान दिन जरुरी छ।

# औद्योगिकरण तथा औद्योगिक पूर्वाधार



**बजेट :** औद्योगिकरणका स्थानीय तह देखि प्रदेश तथा केन्द्रसम्म औद्योगिक ग्राम, औद्योगिक केन्द्र, बिशेष आर्थिक क्षेत्र लगायतका संरचना बनाउने, उद्योग संगठन मोरडले लामो समयदेखि माग गर्दै आएको सुनसरीको अमरडुवामा रहेको सरकारी ६५० विगाह जग्गामा औद्योगिक क्षेत्र बनाउने कुरा सकारात्मक छ । साथै, बजेटले औद्योगिक क्षेत्रमा स्थापना हुने वा स्थानान्तरण गर्ने उद्योगलाई जग्गा देखि आयकर तथामिलमिशेनरीमा भन्सार छुट लागयतका सहुलियतको घोषणा गरेको छ जसबाट व्यवस्थीत औद्योगिकण हुने भएकोले हामीले सकारात्मक रुपमा हेरेका छौ । त्यस्तै, संगठनले ९९ बर्षका लागी जग्गा व्यवस्थापन गरि औद्योगिक प्रदर्शनी स्थापना गर्न अघि बढाएको अन्तराष्ट्रिय औद्योगिक प्रदर्शनी केन्द्रका लागी बजेटले सम्बोधन गर्नु अत्यन्तै सकारात्मक रहेको छ ।

**थप सुझाव :** औद्योगिक क्षेत्र, ग्राम, बिशेष आर्थिक क्षेत्र जस्ता विषयहरुमा सधैं बजेटमा आउने, अध्ययन गर्ने मात्रै काम भएको छ । निर्माणको काम नै शुरु गर्ने गरि काम गर्नु पर्दछ । भैरहवाको सेजमा उद्योगहरु किन आकर्षीत हुन सकेनन सो बिषयलाई समेत ध्यानमा राखी औद्योगिक लगानीका लागी सहिजकरण गरिनु पर्दछ ।

# कर तथा राजस्व

**बजेट :** ढुवानी सेवा, ढुवानी सेवाको भाडा। कार्गो सेवा लगायतमा लाग्ने भ्याट छुट, डिजेल तथा एलपि ग्यासमा भ्याट क्रेडिट गर्न पाउने बिषय स्वागत योग्य छ । विद्युतीय सवारी साधन तथा घरायसी सामानमा अन्तः शुल्क तथा कर छुट दिएको तथा पेट्रोलियम पदार्थमा निर्भर यातायात तथा अन्य विषय क्रमशः विद्युतियमा रुपान्तरण गर्ने घोषणा स्वागतयोग्य छ । स्वदेशी उत्पादनको प्रवर्धनका लागी कच्चा पदार्थ र तयारी मालको पैठारी गर्दा कम्तीमा १ तह को भन्सार दर कायम गर्ने कुरा बजेटमा उल्लेख छ । त्यसैगरि, मूल्य अभिबृद्धि करको खरिद खाता र बिक्रि खाता प्रत्येक बर्ष कर अधिकृतबाट प्रमाणित गर्ने व्यवस्था हटाएको, निकासी पैराठी संकेत नम्बर ५ बर्षका लागी एकैपटक नविकरण गर्न सकिने, भन्सारमा कन्टेनर स्क्यानर मेशिन जडान, भन्सार विन्दुमा भुक्तानी गर्नुपर्ने सम्पूर्ण कर तथा महशुल विद्युतिय माध्यमबाट तिर्न सकिने, डेविड, कार्ड, क्रेडिट कार्ड, क्यूआर कोड, स्कान पे लगायतबाट भुक्तानी गर्दा मूल्य अभिबृद्धि करको १० प्रतिशत उपभोक्तालाई फिर्ता दिने, स्थानीय, प्रदेश तथा केन्द्र सरकारद्वारा स्थापित कोभिड संक्रमण र रोकथाम कोषमा उपलब्ध गराएको रकम खर्च लेख्न पाउने लगायतका प्रावधानहरु सकारात्मक छन । आ.व २०७५।७६ सम्म आय विवरण नबुझाई नविकरण नभएका उद्योग व्यवसायलाई २०७८ असोजसम्म विवरण र शुल्क र जरिवानाको १० प्रतिशत बुझाई अद्यावधिक गर्न सकिने व्यवस्था, मुल्य अभिबृद्धि कर ऐन २०७२,अन्त शुल्क ऐन २०५८ र आय कर ऐन बमोजिम असार २०७६ सम्म कर निर्धारण भई बक्यौता रहेको रकम मध्ये झुटा वा नक्कली बीजक सम्बन्धमा भएको कर निर्धारणबाट कायम भएको बक्यौताको हकमा कर ब्याज पौष मसान्त २०७८ भित्र बुझाएमा सोमा लागेको शुल्कथप दस्तुर र जरिमाना मिनाह हुनेव्यवस्थाले रुग्ण उद्योगहरुलाई राहत मिल्ने छ । त्यसैगरि, राजस्व सम्बन्धी मुद्दामा जादा करदाताहरुले नगद रकम धरौटी राख्नुपर्ने सो रकम बराबरको बैंक ग्यारेन्टीलाई मान्यता दिने हाम्रो मागको सम्बोधन भएको छ ।




**थप सुझाव :**

स्वदेशी उद्योगको प्रवधनका लागी संगठनले माग गर्दै आएको २ तहको भन्सार दर कायम हुनु पर्दछ ।

# कार्यान्वयनमा चुनौती

गत बर्ष ऋणात्मक रहेको, चालु आ.व मा ४ प्रतिशतसम्म पुग्ने अनुमान गरिएको आर्थिक बृद्धि दर आगामी आर्थिक बर्षमा ६.५ प्रतिशतले बृद्धि हुने प्रक्षेपण बजेटले गरेको छ । ) चालू खर्च (८०) प्रतिशत विनियोजनको तुलनामा ज्यादै न्यून पाजिगत विकास खर्च (२० प्रतिशत) विनियोजन रहेको र पूजिगत खर्च गर्ने क्षमता बढ्न नसकेकोले ६.५ प्रतिशतको आर्थिक बृद्धिदर त्यती यथार्थपरक देखिदैन । प्रशासनिक ढिलासुस्ती, स्पष्ट कार्यविधि नभएका कतिपय कार्यक्रमहरुमा बजेट विनियोजन, अनिश्चित कोभिड संक्रमणको महामारी, आसन्न निर्वाचन लगायतका कारणहरुले बजेट कार्यान्वयनमा चुनौती रहेको छ ।

# बजेटको सन्दर्भमा अर्थ सचिवका साथ छलफल

उद्योग संगठन मोरङ र नेपाल आर्थिक पत्रकार समाज (सेजन) द्वारा २०७८ जेष्ठ २० गते अर्थ मन्त्रालयका सचिवको प्रमुख आतिथ्यता तथा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्षको आतिथ्यतामा आयोजना गरेको भर्चुयल कार्यक्रममा उद्योग संगठन मोरडका अध्यक्ष सुयश प्याकुरलले उद्योगहरुको ऋण व्याज, भ्याटमा छुटका साथै सहुलियतपुर्ण कर्जा दिने घोषणा गरेको भएतापनि प्रकृयागत झन्झटका कारण उद्योगी व्यापारीहरुलाइ त्यस्ता छुट लिन कठिन भएको वताए ।

कार्यक्रममा नेपाल उद्योग बाणिज्य महासंघ अध्यक्ष शेखर गोल्छाले महासंघले दिएको सुझाव बजेटमा समेटेको र कतिपय कुराहरु मौद्रिक नीतिले पनि निरन्तरता दिनेमा आशावादी रहेको वताउदै सम्पत्ति अभिलेखीकरणको माग भने अझैपनि सम्बोधन नगरेकोमा गुनासो गरे । अर्थसचिव शिशिरकुमार ढुंगानाले पाँच अर्बभन्दा माथिका आयोजनाहरुको बजेट कार्यान्वयनका लागि छुट्टै संयन्त्र बनाउन लागेको दावी गर्दै सरकारले दिने छुटहरु व्यापारीको तहसम्म पुग्नका लागि प्रकिया झन्झटिलो भएकोले कार्यविधि संसोधन गरी सहज प्रक्रियाबाटै छुट लिन सक्ने व्यवस्था गर्न लागिएको पनि जानकारी दिए ।

# Budget of Nepal (F.Y.2021/22)

*Rs. in billion*

| Rs. 347.26 | Rs. 207.97 | Rs. 678.61 | Rs. 386.71 |
|---|---|---|---|
| Capital Expenditure | Financial Management | Recurrent Expenditure | Fiscal Transfer |

## Source of Financing

*Rs. in billion*

| 1024.90 | 309.29 | 250.00 | 63.37 |
|---|---|---|---|
| Revenue | Foreign Borrowing | Domestic Borrowing | Foreign Grants |

## Allocation Under Different Sector

*Rs. in billion*

| Sector | Allocation |
|---|---|
| General public service | 484.05 (-2.09%) |
| Economic affairs | 442.09 (+13.65%) |
| Social protection | 189.90 (+94.17%) |
| Education | 180.04 (+5.16%) |
| Health | 141.55 (+22.56%) |
| Housing & community amenities | 80.47 (-1.70) |
| Public order & safety | 58.08 (+3.20%) |
| Defence | 52.11 (+5.87%) |
| Environment protection | 12.58 (+7.91%) |
| Recreation, culture & religion | 6.70 (-6.96%) |

Source: Ministry of Finance

# Nepal budget 2078/79: Key Highlights and Takeaways

- **NRP 14 billion** for the Ministry of Labor, Employment and Social Securities
- **NRP 45.09 billion** for the Ministry of Agriculture
- **NRP 180.04** billion for the Ministry of Education
- **NRP 1.20 billion** for women, children, and senior citizens
- **NRP 4,000** for senior citizen allowance per month
- **NRP 7.60 billion** to establish chemical fertilizer
- **NRP 4 billion** to procure heath and medical supplies to combat COVID-19 pandemic.
- **NRP 400 million** to skill development training
- **NRP 2.5 million** for the security of education security certificate
- **33% rise** in all type of social security allowances
- **50% subsidies** in farm insurance premium
- **NRP 12,000** transport allowance to the health volunteers

## The Government Revenue Collection (in Billion)




Source: Ministry of Finance

# सामाजिक सुरक्षा कोषमा सूचीकरण सम्वन्धी

योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ द्वारा निर्देशित सामाजिक सुरक्षा योजना कार्यविधी २०७५ लागु भई २०७६ श्रावण देखि कार्यान्वयनमा आईसकेको कार्यविधीको दोश्रो संशोधनले २०७८ असार मसान्त भित्र कोषमा सुचिकृत तथा योगदान गर्ने योगदानकर्तालाई थप सेवा सुविधाहरुको व्यवस्था गरेको र उक्त मिति भित्र योगदान गर्नेको हकमा सेवा समाप्त भएपश्चात अवकाश तथा निवृतिभरण कोषमा जम्मा भएको एकमुष्ठ रकम निकाल्न सक्ने गरी संशोधन भएकोले २०७८ असार मसान्तसम्म सूचीकृत भई नियमित योगदान गर्न अनुरोध छ ।

# आ.व. २०७८/७९ को मौद्रिक नीतिमा उद्योग संगठन मोरङको सुझाव

नेपाल राष्ट्र बैंकले आगामी आर्थिक वर्ष २०७८/७९ को मौद्रिक नीतिमा सम्वोधन गर्नुपर्ने नीजि क्षेत्रका सुझावहरु संकलन गर्ने उद्देश्यले मिति २०७८ जेष्ठ ३० गते गर्भनर महाप्रसाद अधिकारीको उपस्थितीमा आयोजना गरेको भर्चुअल अन्तरक्रिया कार्यक्रममा उद्योग संगठन मोरङका तर्फबाट अध्यक्ष सुयश प्याकुरेलले प्रस्तुत गर्नु भएको सुझावहरु ।

## १ कर्जाको वर्तमानको सिमा (Existing Loan Limit) नविकरण सम्बन्धमा




कोभिड १९ को संक्रमणका कारण धरासायी भएका उद्योग व्यवसायहरुको उत्थानका लागी हाल कायम रहेका सबै प्रकारका उद्योग व्यवसायमा प्रवाह भएको कर्जाको सिमालाई बिना शर्त नविरकण गरिदिनु पर्दछ ।
साथै, उद्योग व्यवसायले आयात गर्दा लिएको USD TR कर्जाको भुक्तानी म्याद अवधी १८० दिन रहेकोमा वर्तमानको कोभिड १९ को असहज अवस्थालाई मध्यनजर गरि असार मसान्तको दिन सम्म इगतकतबलमष्लन रहेका कर्जाहरुको भुक्तानी गर्ने अवधी ३६० दिन कायम गरिनु पर्दछ ।

## २ पुनरकर्जाका सम्बन्धमा




कोभिड १९ ले प्रभावित उद्योग व्यवसाय कृषि, साना, मझौला तथा घरेलु उद्योग समेतलाई सहुलियत दिने उद्देश्यले विस्तार गरिएको पुनरकर्जा कोषको कुल रु २०५ अरब मध्ये गत चैत्र मसान्तसम्म १२३ अरब १४ करोड मात्र लगानी भएको छ । उद्योग व्यवसायको राहतका लागी व्यवस्था गरिएको यो कोषको सबै रकम लागनी गरि सहि सदुपयोग हुनु पर्दछ भन्ने हाम्रो माग रहेको छ ।
उत्पादनमुलक उद्योगको हकमा पुनरकर्जाको हालको सिमामा रु १०० करोड थप हुनु पर्दछ । साथै, गत बर्षको पुनरकर्जा सुविधाको कार्यान्वयन उत्पादनमुलक उद्योगको सन्दर्भमा प्रभावकारि हुन सकेन । उत्पादनमुलक उद्योगहरुका लागी पुनरकर्जाको निश्चित रकम छुट्टाइनु पर्ने र माग गर्ने मापदण्ड पुरा गर्ने सबै उत्पादनमुलकलाई समानुपातिक रुपमा कर्जा वितरण गर्ने व्यवस्था मिलाइनु पर्दछ ।

## ३ Term Loan Payment लाई पूजिकरण (Capitalized) गर्ने सम्बन्धमा



कोभिड १९ को प्रभाव र उद्योग व्यवसायमा छाएको मन्दीका कारण उद्योग व्यवसायले लिएको Term Loan अन्तरगतको कर्जा चुक्ता गर्न असहज रहेकोले निशेधाज्ञा / लकडाउन जारी भएको अवधी देखि लकडाउन खुलेको मितिबाट ६ महिनासम्म भुक्तानी गर्नू पर्ने कर्जाको किस्ता र व्याजलाई पूजीकरण (Capitalized) गर्ने व्यवस्था गर्नु पर्ने र उक्त पूजिकरण गरिएको कर्जाको भुक्तानी अवधीलाई Rescheduling गरिनु पर्दछ ।

## ४ कर्जाको ब्याज छुट तथा किस्ता बुझाउने अवधी थप गर्ने सम्बन्धमा




कोभिड १९ को प्रभाव र उद्योग व्यवसायमा छाएको मन्दीका कारण उद्योग व्यवसायले लिएको कर्जाको बैशाख - असारसम्मको ब्याज एवं किस्ता असार मसान्तभित्र बुझाएमा त्यस्तो ऋणीलाई ब्याजमा १० प्रतिशत छुट दिइनु पर्दछ ।
साथै, यस अवधीमा किस्ता एवं ब्याज भुक्तानी गर्न नसक्ने उद्योगी व्यवसायीको हकमा त्यस्तो कर्जाको ब्याज तथा किस्ता भुक्तानीको समयावधी ६ महिना थप गरिनु पर्दछ ।

## Documents Against Payment (DAP) अन्तरगत आयात गर्ने रकमको सिमाका सम्बन्धमा ५

हालको व्यवस्था बमोजिम म्ब्ए अन्तरगत आयात गर्दा एक पटकमा अधिकतम अमेरिकि डलर १ लाख बराबरको आयात गर्न सकिने व्यवस्थालाई परिमार्जन गरि Air Shipping बाट आयात हुने मालवस्तुको हकमा कुनै पनि सिमा तोक्न नहुने र पानी जहाज मार्फत Shipping भएर आयात हुनेको हकमा एक पटकमा अमेरिकि डलर ५ लाख सम्मको सिमा निर्धारण गरिनु पर्दछ ।

## ६ Telegraphic Transfer or Telex Transfer (TT) अन्तरगत आयात गर्ने रकमको सिमाका सम्बन्धमा

हालको व्यवस्था बमोजिम TT अन्तरगत आयात गर्दा एक पटकमा अधिकतम अमेरिकि डलर २५००० बराबरको आयात गर्न सकिने व्यवस्था छ तर सामानको मुल्य बृद्धि आकाशिएकोहूदा उक्त रकम पर्याप्त नभएकोले यो सिमालाई परिमार्जन गरि अमेरिकी डलर १ लाखसम्मको आयात गर्न पाउने गरि रकमको सिमा बढाइनु पर्दछ ।

## Credit Rating को व्यवस्था सम्बन्धमा ७

बैंक तथा वित्तिय संस्थाहरुले कर्जा प्रवाह गर्दा गरिने Credit Rating को हालको व्यवस्था खर्चिलो तथा झन्झटिलो भएका कारण उक्त व्यवस्थालाई परिमार्जन गरि ५ बर्ष वा सो भन्दा बढि अवधी देखि सञ्चालनमा रहेका उद्योगहरुलाई कर्जा प्रवाह गर्दा Credit Rating गर्न नपर्ने साथै गर्ने पर्ने अवस्थामा रु १५० करोडभन्दा बढिको कर्जामा मात्रै गर्ने व्यवस्था मिलाइनु पर्दछ ।

## ८ Usance L/C का सम्बन्धमा

नेपाल राष्ट्र बैंक विदेशि विनिमय व्यवस्थापन विभागको आयात सम्बन्धी परिपत्र ०१/२०७४ ले नेपालका कुनै पनि बैंकले युसान्स आयात प्रतित पत्रको कागजात (L/C Document) डिस्काउन्ट गर्न नपाउने व्यवस्था गरिएको छ जुन व्यवहारिक छैन ।
उद्योग व्यवसायको प्रवर्धनकालागी उत्पादनमुलक उद्योगहरुको लागी आवश्यक पर्ने कच्चापदार्थ तथा मिल मेशिनरी आयातगर्दा खोलिने युसान्स प्रतित पत्रको कागजातमा स्वदेशि बैंकले डिस्काउन्ट गर्न पाउने गरि भएको पहिलेकै व्यवस्था कायम गरिनु पर्दछ ।

## Paperless बैंकिङ कारोबार सम्बन्धमा ९

आजको २१औं शताब्दीको डिजिटल प्रविधिको युगमा समेत हाम्रो बैकिङ कारोबार प्रणाली परम्परागत कागजी झमेला, तमसुक, भौतिक उपस्थितभई ल्याप्चे लगाउनु पर्ने लगायतका व्यवस्थाहरुलाई अव डिजिटल माध्यमबाट गर्न सकिने सरल र प्रविधिमैत्री तर्फ रुपान्तरण गरि सम्पूर्ण बैकिङ कारोबारलाई पेपरलेस बनाइनु पर्दछ । जस्तै : ल्याप्चेलाई बायोमेट्रिक प्रयोग गरेर विस्थापन गर्नु पर्दछ ।

## १० MSMEs तथा महिला उद्यमी कर्जा प्रवाहलाई सरलिकृत गर्ने सम्बन्धमा

लघु घरेलु तथा साना उद्योग, महिला उद्यमी लगायतका क्षेत्रमा प्रवाह गर्ने सहुलियतपूर्ण कर्जा प्राप्तीमा अझै पनि प्रकृयागत जटिलता रहेको, कागजी प्रकृया पुरा गर्न नसक्दा यस्ता उद्यमीहरुको कर्जामा पहुच पुग्न नसकेकोले प्रकृयागत जटिलतालाई हटाई सहज र सर्वसुलभ ढंगबाट कर्जा प्राप्त गर्ने गरि प्रकृया सरलिकृत गरिनु पर्दछ ।

## Personal Guarantee का सम्बन्धमा ११

प्राइभेट लिमिटेड कम्पनीहरुमा विशुद्ध नीजि लगानी हुने तथा लगानीकर्ताहरुको आफ्नो आफ्नो लगानी हिस्साको दायित्व मात्रै सम्बन्धीत लगानीकर्तामा रहन्छ । तर त्यस्तो कम्पनीले कर्जा लिनु पर्दा कर्जा रकमलाई खाम्ने पर्याप्त धितो राख्दा राख्दै पनि सबै लगानीकर्ताहरु र तिनका परिवारका एक एक सदस्यहरुको समेत Personal Guarantee लिने वर्तमानको प्रावधानले लगानीकर्ताहरुमा त्रासको वातावरण सिर्जना भएको र अन्ततोगत्वा यस्ले उत्पादनमुलक क्षेत्रमा लगानी निरुत्साहित गरिरहेको छ । एकातिर उद्योग तथा उद्यमशिलता विकासका लागी युवाहरुलाई शैक्षिक प्रमाण पत्र धितो राखेर कर्जा प्रवाह गर्दैछौं भोलि त्यहि युवा अलि सक्षम भएर कर्जा लिनु पर्दा उस्को परिवारका सबै सदस्यहरुको ग्यारेन्टि खोज्नु लगानी निरुत्साहित गर्नु बाहेक अरु केहि हुन सक्दैन । त्यसकारण, यस्तो प्रावधान अविलम्ब हटाइ त्रास भयमुक्त वातावरण श्रृजना गरि लगानी आकर्षित गर्न जोडदार माग गर्दछौ ।